# गण्डकी प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्य छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः गण्डकी प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्य नियुक्तिका लागि सिफारिस गर्ने प्रक्रियालाई निष्पक्ष, प्रतिस्पर्धात्मक र पारदर्शी बनाउन कार्यविधिगत व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ८ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी सिफारिस समितिले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम गण्डकी प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्य नियुक्तिका लागि छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि सिफारिस समितिले स्वीकृत गरेपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) "प्राज्ञ सभा सदस्य " भन्नाले गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ७ बमोजिमको प्राज्ञ सभालाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ लाई सम्झनु पर्छ।

(ग) "मुख्यमन्त्री" भन्नाले गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, एवम् सङ्गीत विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "सिफारिस समिति" भन्नाले गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ८ को १ बमोजिम गठन भएको सिफारिस समिति सम्झनु पर्छ ।

३. **कार्यतालिका तयार गर्नुपर्नेः** (१) समितिले आफ्नो कार्यलाई व्यवस्थित र समयबद्ध बनाउन छनौट तथा सिफारिस सम्बन्धी कार्यतालिका बनाउन सक्नेछ ।

(२) उक्त कार्यतालिकामा समितिले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

४. **सचिवालयः** समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकमा संयोजक र कम्तीमा एक सदस्य उपस्थित भएपछि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ। सर्वसम्मत निर्णय हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(४) समितिको निर्णय संयोजकले प्रमाणित गर्नेछ ।

(५) बैठकको अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

६. **सूचना प्रकाशनः** (१) प्राज्ञ सभाका सदस्य र प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरुको मनोनयन तथा नियुक्तिको लागि सिफारिस गर्न कम्तीमा १५ दिनको समय दिई सचिवालयले अनुसूची- १ बमोजिमको ढाँचामा सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरी मन्त्रालय र गण्डकी प्रज्ञा प्रतिष्ठानको वेभसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए पश्चात देहाय बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले अनुसूची - २ बमोजिमको ढाँचामा दरखास्त फाराम भरी सचिवालयमा पेश गर्नुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति, सम्बन्धी विषयमा सृजना, अध्ययन तथा अनुसन्धान गरी सो सम्बन्धी विषयमा ख्याति प्राप्त व्यक्ति।

(ग) पैतिस वर्ष उमेर पूरा भएको,

(घ) शैक्षिक योग्यता (सदस्यहरुको हकमा कक्षा १२ वा सो सरह उर्तिण, कुलपतिको हकमा स्नातकोत्तर, उपकुलपति र सदस्य सचिवको हकमा स्नातह तह वा सो सरह),

(ङ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(च) प्रचलित कानूनले अयोग्य नरहेको।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएका दरखास्त फाराम रुजु गरी सचिवालयले अनुसूची- ३ बमोजिमको ढाँचामा दर्ता गर्नुपर्नेछ।

(३) समितिले आवश्यकता अनुसार निवेदन दिने म्याद थप गर्न सक्नेछ।

७. **निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः** (१) प्रकाशित सूचना बमोजिम इच्छुक उम्मेद्वारहरुले दरखास्त/निवेदन पेश गर्दा दरखास्त फारामसाथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्राप्त गरेको उच्चतम् शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,

(ग) उम्मेद्वारको व्यक्तिगत विवरण (Curriculum Vitae),

(घ) भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति, सम्बन्धी विषयमा सृजना, अध्ययन तथा अनुसन्धान गरेको वा योगदान गरेको भए सो सम्बन्धी प्रमाणित काजातहरु

(ङ) भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति, सम्बन्धी विषयमा काम गरेको भए सो सम्बन्धी अनुभवका प्रमाणपत्र,

(च) भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति, मध्ये आफू सम्बन्धित विधा विकासका लागि संक्षिप्त कार्ययोजना ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिम विधा विकासको संक्षिप्त कार्ययोजनामा देहायका विषयहरु समावेश भएको हुनुपर्नेछः-

(क) सम्बन्धित विधाको विकासको संक्षिप्त कार्ययोजना,

८. <u>निवेदन संकलन र सूचिकरणः</u> (१) सचिवालयले सूचनामा उल्लेख भए अनुसार उम्मेद्वारको योग्यता भए नभएको सम्बन्धमा जाँचबुझ गरी तोकिएका सर्तहरु पूरा भए नभएको यकिन गरी निवेदन सूचिकृत गर्नु पर्नेछ।

९. <u>मूल्याङ्कनको आधारः</u> समितिले <u>प्राज्ञ सदस्यको पदमा</u> छनौट तथा सिफारिसका लागि देहायका आधारमा पूर्णाङ्क ३० हुने गरी प्राप्ताङ्क गणना गर्नुपर्नेछ।

**(क) समष्टिगत कार्य अनुभव -१० अंक**

**(ख) संबन्धित क्षेत्रमा गरेको योगदान -१० अंक**

**(ग) विधा विकास योजना ( २ पेजमा नबढाई) - १० अंब**

१०. **सूची तयार गर्नेः** (१) समितिले दफा ९ को खण्ड (क), (ख) र (ग) बमोजिम उम्मेद्वारले प्राप्त गरेको अंकको आधारमा बढी अंक प्राप्त गर्ने उमेदवारको विधागत सूची तयार गर्नुपर्नेछ ।

(२) समितिले दफा १० (१) को सूचीबाट स्नातकोत्तर उत्तीर्ण गरेका उम्मेदबारहरूको सूची तयार गर्नुपर्नेछ ।

११. **उम्मेद्वारको नाम सिफारिस गर्नेः (१) विधा विकास कार्ययोजना, संबन्धित क्षेत्रमा गरेको योगदान, समष्टिगत कार्य अनुभव बमोजिम विधागत रुपमा प्राप्ताङ्क अनुसार** योग्यताक्रम तयार गर्नेछ ।

(२)—समितिले दफा १० को उपदफा (१) र (२) बमोजिम तयार भएको विधागत र एकिकृत आवेदकहरुको नामावली गोप्य रुपमा गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना

तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ८ को उपदफा (१) बमोजिम नियुक्तिका लागि आवश्यक संख्याको एक तिहाइ संख्या थप गरी मुख्यमन्त्री समक्ष सिफारिस गर्नुपर्नेछ।

१२. <u>बैठक भत्ता तथा अन्य खर्चः</u> समितिका सदस्यहरुको बैठक भत्ता, विज्ञहरुको पारिश्रमिक र छनौट कार्यमा खटिएका कर्मचारीहरुलाई मन्त्रालयले गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिमको रकम भुक्तानी दिनु पर्नेछ।

१३. <u>व्याख्या गर्नेः</u> यस कार्यविधि बमोजिम प्राज्ञ छनौट प्रक्रियामा कुनै दुविधा उत्पन्न भएमा समितिले आवश्यक व्याख्या गरी निर्णय गरे बमोजिम हुनेछ ।

१४. <u>कार्यविधि संशोधनः</u> यस कार्यविधिमा समितिले आवश्यकता अनुसार जुनसुकै समयमा संशोधन गर्न सक्नेछ।

१५. <u>प्रचलित कानून लागू हुनेः</u> यस कार्यविधिसँग अन्य प्रचलित कानूनी व्यवस्थाहरु बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

## अनुसूची - १

(दफा ६ को (१) सँग सम्बन्धित)

## गण्डकी प्रज्ञा प्रतिष्ठानको प्राज्ञ एवम् पदाधिकारी सिफारिस समितिको सचिवालय

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा

## दरखास्त आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०८२..../.../...)

गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बमोजिम प्राज्ञ/पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको संस्कृति हेर्ने महाशाखामा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. आवश्यक न्यूनतम योग्यताः

(क) नेपाली नागरिक,

(ख) भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति, सम्बन्धी विषयमा सृजना, अध्ययन तथा अनुसन्धान गरी सो सम्बन्धी विषयमा ख्याति प्राप्त व्यक्ति।

(ग) पैतिस वर्ष उमेर पूरा भएको,

(घ) सदस्यहरुको हकमा कक्षा १२ वा सो सरह उर्तिण, कुलपतिको हकमा स्नातकोत्तर एवम् उपकुलपति र सदस्य सचिवको हकमा स्नातक तह वा सो सरहको शैक्षिक योग्यता भएको,

(ङ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको

(च) प्रचलित कानूनले अयोग्य नरहेको।

२. निवेदनसाथ संलग्न गर्नु पर्नेः

(१) प्रकाशित सूचना बमोजिम इच्छुक उम्मेद्वारहरुले निवेदन पेश गर्दा दरखास्त फारामसाथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख) प्राप्त गरेको उच्चतम् शैक्षिक योग्यताको आफैले प्रमाणित गरेको प्रतिलिपि,

ग) उम्मेद्वारको व्यक्तिगत विवरण (Curriculum Vitae),

घ) भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति, सम्बन्धी विषयमा सृजना, अध्ययन तथा अनुसन्धान गरी सो सम्बन्धी विषयका प्रमाणित काजातहरु वा उपरोक्त क्षेत्रमा गरेको योगदान भएमा सो सम्बन्धी कागजातहरु

ङ) भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति, सम्बन्धी विषयमा काम गरेको भए सो सम्बन्धी अनुभवका प्रमाणपत्र,

च) भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति, मध्ये आफू सम्बन्धित विधा विकासका लागि संक्षिप्त कार्ययोजना ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम विधा विकासको संक्षिप्त कार्ययोजनामा देहायका विषयहरु समावेश भएको हुनुपर्नेछः-

(क) सम्बन्धित विधाको विकास कार्ययोजना

(ख) स्रोतसाधनको दिगो परिचालन तथा व्यवस्थापन

(ग) समन्वय, सहकार्य तथा कार्यान्वयन कार्ययोजना

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

अनुसूची - २

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

प्राज्ञ सभाका सदस्य र प्रज्ञा प्रतिष्ठानका पदाधिकारी सिफारिस समितिको सचिवालय

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा

## आवेदन फारामको ढाँचा

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| | नागरिकता नंः | | जारी गर्ने जिल्लाः | मितिः |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./ गा.पा. | | ग) वडा नं. |
| | घ) टोलः | ङ) मार्ग/घर नं.: | | च) सम्पर्क नं. |
| पत्राचार गर्ने ठेगानाः | | | | ईमेलः |
| बाबुको नाम, थरः | | बाजेको नाम, थरः | | |
| जन्म मितिः (वि.सं.मा)<br>(ईस्वी सम्वतमा) | | हालको उमेरः वर्ष महिना | | |

(ख) भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति सम्बन्धी विषय मध्ये आफ्नो विधामा हालसम्म गरेका प्रयास/ कार्यहरु

| विधा | अध्यन /अनुसान्धान विषय/ शिर्षक एवम् सम्वन्धीत कागजात | प्रकाशन | संरक्षण | विकास सम्बन्धी कार्यहरु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय/संस्था/ परिषद् | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

घ) विधा विकास कार्ययोजना

मैले यस आवेदनमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। आवेदन बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेद्वारले पालना गर्ने भनी प्रचलित कानून तथा यस आवेदन फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु।

| | |
|---|---|
| | उम्मेद्वारको दस्तखत |
| | |
| | मितिः |
| **कार्यालयले भर्नेः** | |
| दर्ता नम्बरः | |
| **निवेदन अस्वीकृत भए सोको कारणः** | |
| आवेदन रुजु गर्नेको नाम र दस्तखत<br>मिति | आवेदन स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मितिः |

द्रष्टव्यः आवेदन साथ सूचनामा उल्लिखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रूपमा उम्मेद्वार आफैंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) उच्चतम शैक्षिक योग्यताको प्रतिलिपि

(३) व्यक्तिगत विवरण

(४) भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति सम्बन्धी विषय मध्ये आफ्नो विधामा हालसम्म गरेका प्रयास/ कार्यहरु सो को प्रतिलिपि,

(५) अनुभवको प्रमाणपत्र।

(६) विधा विकास कार्ययोजना

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

## अनुसूची - ३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

प्राज्ञ सभाका सदस्य र प्रज्ञा प्रतिष्ठानका पदाधिकारी **सिफारिस समितिको सचिवालय**

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा

**दरखास्त फाराम दर्ता किताब**

| दर्ता नं. | दर्ता मिति | उम्मेद्वारको नाम थर | ठेगाना | जन्ममिति | उमेर | प्राप्त उपल्लो शैक्षिक योग्यता | संवन्धित विधा | अनुभवको क्षेत्र/निकाय र अवधि | विधा विकास योजना | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसूची -४

(दफा १० को उपदफा (५) सँग सम्बन्धित)

## विधा विकास कार्ययोजनाको मूल्याङ्कन फाराम

सूचना नं.                                   पदः प्राज्ञ

पूर्णाङ्कः३०                                  मितिः

| क्र.सं. | रोल नं. | उम्मेद्वारको नाम, थर | विधा विकास कार्ययोजना (१०) | स्रोतसाधनको दिगो परिचालन तथा व्यवस्थापन (१०) | समन्वय, सहकार्य तथा कार्यान्वयन कार्ययोजना (१०) | जम्मा प्राप्ताङ्क | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

विज्ञको दस्तखतः

नाम, थरः

पदः

मितिः

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल